ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १८५

२६ चैत २०७९ आइतबार

9 Apr. 2023, Monday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## देशको निकास कांग्रेस कै हातमा : पूर्वगृहमन्त्री खाँण

खबर दर्पण समाचारदाता

**चैत २५ गते, महोत्तरी**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वगृहमन्त्री बालकृष्ण खाँणले कांग्रेसबिनाको देशको कल्पना गर्न नसकिने दाबी गरेका छन् ।

नेपाली कांग्रेस महोत्तरीले संगठन सुदृढीकरण अभियानअन्तर्गत सुरु गरेको पदयात्रा अभियानको शनिबार जलेश्वरमा आयोजित समापन समारोहमा बोल्दै पूर्वगृहमन्त्री खाँणले देशको निकास कांग्रेसकै हातमा रहेको बताएका हुन् ।

अर्को प्रसंगमा बोल्दै उनले भारतीय नेताहरुले पनि पार्टी सभापति शेरबहादुर देउवाको प्रशंसा गर्ने गरेको दाबी गरे । कांग्रेस सभापति देउवा बोल्ने भन्दा पनि गरेर देखाउने व्यक्ति रहेको उनको भनाए थियो ।

उनले भने, 'भारतका शिर्ष नेताहरुले पनि भन्नुहुन्छ, देउवा जी बोलतै कम हैं लेकिन वह जो चाहते हैं नेपाल में वहि होता है ।'

उनले महोत्तरी समितिले गरेको पदयात्राले कांग्रेसलाई थप मजबुत र एक ढिक्का बनाउने राम्रो




उदाहरण रहेको बताए ।

कार्यक्रममा कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले देउवा नेतृत्वको सरकारले सफल र शान्त रुपमा निर्वाचन गराएको र बामपन्थीहरुले सरकार चलाउन नसकेपछि पुनः देशलाई देउवाले नै निकास दिएको बताए ।

पार्टीका मधेस अध्यक्ष कृष्ण यादवले मधेसको विकास कांग्रेस नेतृत्वबिना असफल सिद्ध भइसकेको भन्दै कांग्रेसले अवसर पाए त्यो पनि सार्थक गरेर देखाउने दाबी गरे ।

कांग्रेस महोत्तरीका सभापति नागेश्वर यादवको सभापतित्वमा आयोजित कार्यक्रममा कांग्रेसका प्रदेशसभा सदस्य शेषनारायण यादव सहित प्रदेशसभा सदस्यहरु, मेयर र उपमेयरमा निर्वाचित जनप्रतिनिधीहरु, केन्द्रीय, प्रदेश र जिल्लाका नेताहरुको उपस्थिती रहेको थियो ।

नेपाली कांग्रेसले चैत ११ गतेदेखि मधेस प्रदेशमा 'नेपाली कांग्रेसको सहयात्रा जनजनका लागि पदयात्रा' भन्ने नाराका साथ पार्टीका महोत्तरी जिल्ला सभापति नागेश्वर यादवको नेतृत्वमा १५ दिने पदयात्रा अभियानको शुरुवात गरेको थियो ।सभापति यादवको नेतृत्वमा ५० जना नेताहरुले जिल्लाको १५ वटै स्थानीय तहको १३२ वटै टोलमा पुग्ने योजना सहित खयरमाराबाट पदयात्रा आरम्भ गरेका थिए ।

पार्टीका नेता कार्यकर्तामा उर्जा बढाउन, समन्वय-सहकार्य गरी नेता कार्यकर्ता तथा जनताबीच आत्मियता बढाउने उद्देश्यले पदयात्राको शुरुवात गरिएको थियो ।




**संजना अटो**
क्षीरेश्वरनाथ नगरपालिका ५ महेन्द्रनगर , धनुषा सम्पर्क नं : ०४१-५४००५०, ९८१५८४४३८५

## उपराष्ट्रपति यादवद्वारा जानकी मन्दिरमा बिशेष पूजा



खबर दर्पण समाचारदाता

**चैत २५ गते, जनकपुर**
उपराष्ट्रपति रामसहाय यादवले जनकपुरधामको जानकी मन्दिरमा आज विशेष पूजाअर्चना गरी प्रसाद ग्रहण गरेका छन्।

उपराष्ट्रपति यादव जानकी मन्दिरमा आइपुग्दा मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णव सहितका साधुन्तहरुले स्वागत गरेका थिए।

उपराष्ट्रपति यादवलाई उत्तराधिकारी महन्थ रामरोशन दासले मन्दिरका बारेमा संक्षिप्त रुपमा जानकारी गराएका थिए ।

उपराष्ट्रपति सिरहा जिल्लामा आयोजना हुने कार्यक्रममा सरिक हुन जनकपुरधाम आएको बेलामा जानकी मन्दिरमा विशेष पूजा गरेका हुन् ।

सो अवसरमा प्रदेश प्रमुख हरिशंकर मिश्र, मधेश प्रदेश सरकारका सामाजिक विकास मन्त्री सुरिता कुमारी साह, प्रदेशसभाका सदस्य रामअशिष यादव, धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दहाल अन्य सुरक्षा निकायका प्रमुखहरु सहभागी थिए।

## एमबीबीएसमा पूर्ण छात्रवृत्ति पाए पनि समस्या महादेव



खबर दर्पण समाचारदाता

**चैत २५ गते, महोत्तरी**
जलेश्वर नगरपालिका वडा नम्बर २ का महादेव पासवान एमबीबीएस अध्ययनमा 'फुल स्कलरसिप' (पूर्ण छात्रवृत्ति) पाए पनि तनावमा देखिनुभएको छ। किताब-कापीलगायतका अन्य सामग्री सापटी मागेर भए पनि मेहनत गरेका कारणले मेडिकल शिक्षाको प्रवेश परीक्षा उत्तीर्ण भएर चिकित्सा शिक्षा अध्ययनको बाटो खुलेको जानकारी दिँदै पासवानले घरको आर्थिक अवस्थाले गर्दा अझै धेरै समस्या बाँकी रहेकाले मानसिक तनावमा रहेको बताउनुभयो।

कर्णाली एकेडेमी अफ हेल्थ साइन्स जुम्लामा चैत ३० गतेभित्र भर्ना भइसक्नुपर्ने भए पनि त्यहाँ जाने खर्चसमेत परिवारलाई जुटाउन सकस रहेको बताउँदै पासवानले भन्नुभयो, "पूर्ण छात्रवृत्ति भए पनि किताब, कापी, खाने र बस्ने खर्च जुटाउनसमेत घरपरिवारलाई धौ-धौ छ, यस्तोमा कसरी खुसी मनाउनु ?" चिकित्सा शिक्षा आयोगले लिएको परीक्षामा ८६.५ प्रतिशत अङ्कका साथ पूर्ण छात्रवृत्ति पाएका पासवानलाई जलेश्वर नगर पालिकाका प्रमुख सुरेश साह सोनार सहितका केही व्यक्तिले सामाजिक सञ्जालमार्फत बधाई दिए पनि सहयोगका लागि कुनै पहल नगरेको उहाँको गुनासो छ।

पासवानका बुवा विकरु पासवान नेकपा (माओवादी केन्द्र)को जिल्ला कमिटीमा रहेर राजनीति तथा समाजसेवा गर्दै आउनुभएको छ।

तीन सन्तानमध्ये माइला छोरा पासवानले ल्याएको खुसीको सराहना गर्दै विकरु पासवानले सबैको सहयोग र साथ पाए छोराले पनि चिकित्सक भएर सेवा गर्ने बताउनुभयो। आफूसँग कुनै नियमित कमाइको साधन नभएको र छोराको पढाइको खर्च धान्न सक्ने अवस्था पनि नरहेका कारण चिन्तित देखिनुभएका उहाँले भन्नुभयो, "स्थानीय तहका पदाधिकारीहरूले पहल गर्ने हो भने छोरा चिकित्सक बन्न सक्ने देखेको छु, तर अहिलेसम्म कसैले पनि आश्वासन दिनुभएको छैन।"

## सम्पादकीय

# शिक्षाको स्तर बलियो बनाउनुपर्छ

सन् १७५७ मा सुधारको माग राख्दै भारतको मेरठ राज्यका सिपाहीहरूले विद्रोह गरेका थिए । सिपाही मङ्गल पांडेले अङ्ग्रेज अफिसर मारेर सुरु गरेको विद्रोह भारतभरि फैलियो ।

नेपाल तथा अन्य भारतीय राज्यहरूको सहयोगले विद्रोह दमन गरे पनि तत्कालीन गर्भनर जनरल केनिङले भारतमा शासन मात्र होइन, सुधार पनि गर्नु पऱ्यो भन्ने सोचका साथ अङ्ग्रेजी शिक्षाको प्रारम्भ गरेका थिए । त्यहीँ अङ्ग्रेजी शिक्षा थापाथली दरबारबाट बाहिर निस्कियो र दरबार स्कुल बन्यो । चन्द्रशमशेर प्रधानमन्त्री भएपछि यिनलाई कलेज खोल्ने चौतर्फी दबाब बढ्यो, सुनको साँचो र चाँदीको ताल्चाबाट त्रिभुवन चन्द्र कलेजको ढोका खुल्यो । दरबार स्कुलबाट प्रथम श्रेणीमा उत्तीर्ण भएका गङ्गालाल श्रेष्ठले त्रिभुवन चन्द्र (त्रिचन्द्र) कलेजको विज्ञान विषयमा प्रवेश पाए ।

सन् १९३४ मा एसएलसी बोर्डको स्थापना भएपछि नेपाली विद्यार्थीले स्वदेशमै बसेर स्कुल लिभिङ सर्टिफिकेट परीक्षा दिन पाएका थिए । नेपालमा प्रजातन्त्र आएपछि विद्यालय शिक्षामा केटा र केटीको निम्ति छुट्टा छुट्टै पाठ्क्रम लागू भयो । माध्यमिक तहमा केटीको निम्ति फस्ट एड एन्ड निडिल वर्क र डोमोस्टिक साइन्स अनिवार्य गरियो । यीबाहेक सबै विषय केटा र केटीको निम्ति सामान रूपमा अनिवार्य बनाइएका थिए । एक वर्षसम्म पढेका कुरा तीन घण्टामा अक्षरको रूपमा सेतो पानामा ओकल्नु पर्दथ्यो । केटा र केटीको निम्ति बनाइएका विभेदकारी पाठ्यक्रमको चाँडै अन्त्य भयो । माध्यमिक तहमा दुवैको निम्ति एउटै पाठ्यक्रम लागू गरियो ।

सन् १९७१ (२०२८ साल) मा नयाँ शिक्षा लागू भए पनि विद्यालय तहको पाठ्यक्रममा कुनै परिवर्तन भएन तर विगतका पाठ्यक्रमभन्दा माध्यमिक विद्यालयका पाठ्यक्रममा साधारण र व्यावसायिक गरी दुई धारका पाठ्यक्रम तयार गरिए । साधारण र व्यावसायिक धार मानिय पनि दुवै धारका अनिवार्य विषय सैद्धान्तिक नै थिए । यी दुवै धारका मूल्याङ्कन पद्धति पनि समान थिए ।

नयाँ शिक्षा पद्धति भनिए पनि पुरानो एसएलसी परीक्षाले निरन्तरता पाई नै रह्यो । पुरानै ढाँचाका प्रश्नपत्र र मूल्याङ्कनका आधार, सेना र प्रहरीको निगरानी, त्रासमय वातावरण, पचाउन नसकिने विषय र विषयवस्तुको भार, थिचिएको मनस्थिति, दस वर्षसम्मको निरन्तर परीक्षा, त्यसमा पनि झन्डै आधा विद्यार्थी असफल । फेरि तिनै विद्यार्थी असफलताको बोझ दिमागमा बोक्दै पुनः परीक्षाको अभ्यासमा झोसिए ।

उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा गाभेपछि स्कुल लिभिङ सर्टिफिकेट (एसएलसी) लाई माध्यमिक शिक्षाको परीक्षामा रूपान्तरण गरियो ।

विश्वव्यापी फैलिएको कोभिड १९ को महामारीबाट बालबालिका नराम्ररी प्रभावित भएका थिए । यस्तो अवस्थामा फेस टु फेस पठन पाठन र परीक्षाको ठाउँमा वैकल्पिक शिक्षाको व्यवस्था गरियो । अनलाइन शिक्षाको प्रभावकारितामा प्रश्नचिह्न लागे पनि यसलाई निर्विकल्प माध्यमको रूपमा प्रयोग गरियो ।

# हरवा चरवा अधिकार यात्रा सुरु, पुन:स्थापनाको माग गर्दै सडकमा




**शिवशंकर मिश्र**

**चैत २५ गते, बारा**

मधेसका आठ जिल्लामा रहेको दास प्रथा हरवा चरवाको पुनर्स्थापनाको मागसहित चार दिने अधिकार यात्रा २०७९ आज शनिबारदेखि सुभारम्भ भएको छ । वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले एक कार्यक्रमबीच आज सो अधिकार यात्राको रिबन काटेर सुभारम्भ गर्नुभएको हो ।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्कको संयुक्त आयोजनामा सुभारम्भ भएको हरवा चरवा अधिकार यात्रा २०७९ मा फ्रिडम फण्ड, श्रीपुरराज सामुदायिक विकास केन्द्र (एससीडीसी), जनचेतना दलित संगठन, दलित जनचेतना युवा क्लबको समेत सहभागिता रहेको छ ।

अधिकार यात्राको सुभारम्भ गर्नुहुँदै वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले अहिलेको अवस्थामा दासदासी प्रथा कायम गर्न नसकिने भन्दै सरकारले गरेको मुक्त घोषणाको पक्षमा महानगर रहेको बताउनुभयो । सो समुदायका गाँस, बास र कपासको व्यवस्थापन तथा पुनर्स्थापामनामा आफ्नो व्यक्तिगत र महानगर पालिकाको तर्फबाट सबै किसिमको सहयोग गर्ने प्रतिवद्धता जनाउनुभयो । हरवा चरवा समुदायको पुनर्स्थापनाका लागि सरोकारवाला पक्षले आवश्यक प्याकेज ल्याए महानगरले जस्तोसुकै सहयोग गर्न तयार रहेको उहाँले चर्चा गर्नुभयो । हरवा चरवा समुदायको जीवन उत्थानका निम्ति सरकारले यथोचित व्यवस्था गर्नुपर्ने र आफूहरु स्थानीय तहबाट पुनर्स्थापनामा सघाउन तयार रहेको उहाँले प्रतिवद्धता गर्नुभयो ।

पर्साको वीरगञ्जबाट सुभारम्भ भएको अधिकार यात्रा पर्साकै बहुदरमाई नगरपालिका वडा ४ मा गएर कोणसभा गरेको थियो । सो अवसरमा वडा ४ का वडा अध्यक्ष सुरेन्द्र यादवले सम्बोधन गर्नुभयो । सो अवसरमा उहाँले हरवा चरवा समुदायको पहिचानका लागि नागरिकताको व्यवस्था तत्काल हुनुपर्ने, शिक्षामा पहुँच बढाउनुपर्ने, शिक्षा र जनचेतनामा जोड दिनुपर्ने उहाँले बताउनुभयो । आवश्यक परेमा आफ्नो वडा जस्तोसुकै सहयोग गर्न तयार रहेको उहाँले प्रतिवद्धता जनाउनुभयो । हरवा चरवाको सो टोली बाराको कलैयामा आएर कोणसभा गरेको छ । मुख्य चोकमा रैलीसहित प्रदर्शन गर्दै हरवा चरुवा समुदायका संयौं व्यक्तिले हरवा चरवाको पुनर्स्थापनाको माग गर्दै प्रदेशन गरेका थिए । सो अवसरमा उहाँहरुले सो समुदायका लागि नागरिकताको व्यवस्था हुनुपर्ने, राज्यले सही तथ्यांक लिई सो समुदायका बालबालिकालाई शिक्षामा पहुँच बढाउनुपर्ने, आवासको व्यवस्था गरी हरवा चरवा समुदायका शिक्षित युवालाई रोजगारको सुनिश्चित्ता गरिनुपर्ने माग गरेका थिए ।

उता सप्तरीको राजविराजबाट पनि हरवा चरवाको अधिकार यात्रा आज सनिबारबाट सुभारम्भ गरिएको छ । राजविराज नगरपालिकाका प्रशासकीय अधिकृतले सो अभियानको सुभारम्भ गर्नुभएको थियो । सो अवसरमा आरडिएनका अध्यक्ष गणेश विश्वकर्मा, अधिकार कर्मी तथा अधिवक्ता बालाराम भट्टराई, दशनलाल मण्डल लगायतले हरवा चरवाको पुनःस्थापनाको माग गर्नुभयो ।

सोहीअनुसार सो अधिकार यात्रामा सहभागी टोलीले आजै सुरुङ्गा नगर पालिकामा पुगेर प्रमुख गीता चौधरीसँग अन्तरक्रिया गरेको छ । सो अवसरमा नगरप्रमुख चौधरीले गरिब वर्ग, पछाडि परेको वर्गको पक्षमा आफूहरु काम गरि रहेको बताउनुभयो । आगामी दिनमा पनि नगरपालिकाको तर्फबाट सहयोग गर्न तयार रहेको उहाँले प्रतिवद्धता जनाउनुभयो ।

'मुक्त हरवा चरवाको न्यायिक पुनःस्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार' नारासहित सुरुभएको अधिकार यात्राको कार्यक्रममा जिल्ला हरवा चरवा अधिकार मञ्च पर्साको अध्यक्ष अमरदेव पासवान, हरवा चरवा वृजलाल पासवान, आस्मा खातुन, सुखारीलाल पासवान, रुपनारायण पासवान, कमैया महिला जागरण समाजकी विसनीदेवी चौधरी लगायतले हरवा चरवालाई सरकारले मुक्त घोषणा गरेको ९ महिना विते पनि पुनर्स्थापनाको काम सुरु हुन नसकेकोप्रति रोस प्रकट गर्नुभयो ।

अभियानाम राष्ट्रिय दलित नेटवर्कका कोषाध्यक्ष जंगबहादुर सुनार, अधिकार मञ्चकी केन्द्रीय कोषाध्यक्ष राजमति मण्डल, फ्रिडम फण्डका कार्यक्रम सल्लाहकार ब्रम्हदेव राम, आरडिएनका हुकुम सार्की लगायतले अधिकार अभियानमा व्यवस्थापकीय भूमिका निर्वाह गर्नुभएको छ ।

नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले २०७९ साउन २ गते हरवा चरवालाई मुक्त घोषणा गर्नुभएको थियो । घोषणा भएको नौ महिना विते पनि पुनर्स्थापनाको काम सुरु हुन नसकेपछि सो समुदायले पुनःस्थापनाको माग गर्दै मधेस प्रदेशको आठ वटा जिल्लामा अधिकार यात्रा आजदेखि सुरु गरेको बताएका छन् । अभियानले स्थानीय, प्रदेश र संघीय सरकारलाई पुनःस्थापनामा दवाव पुग्ने विश्वास अधिवक्ता बालाराम भट्टराईले विश्वास व्यक्त गर्नुभयो ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# यसकारण बालेनले भने- देश सफा गर्न नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्छ

**खबर दर्पण समाचारदाता**

**चैत २५ गते, काठमाडौं**

शनिबार बिहानै काठमाडौं महानपालिकाका मेयर बालेन्द्र शाह(बालेन)ले देशको प्रमुख प्रशासनिक अखडा सिंहदरबारको फोहोर नउठाउने घोषणा गरे। यति मात्रै होइन, उनले देश सफा गर्न त्यहाँका नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्ने अभिव्यक्ति पनि दिए। यो बालेनको आक्रोश मात्रै नभएर , साँच्चै नै सिंहदरबारको फोहोर नउठाउने तयारी गरिएको महानगर स्रोतले बताएको छ।



केन्द्र सरकारविरुद्ध महानगर यसरी एकाएक आक्रोशित भएको भने होइन। यसको पछाडि चार महिनादेखि महानगरले बागमती किनारका सुकुम्बासी बस्ती हटाउन खोज्दा भएका विविध गतिविधि र शुक्रबार तीनकुनेस्थित गैरीगाउँ क्षेत्रको बागमती किनारमा रहेका सुकुम्बासी बस्ती हटाउन खोज्दा भएको तनावपूर्ण घटना जोडिन्छ। गत मंसिर दोस्रो साता काठमाडौं महानगरपालिकाका मेयर बालेन डोजरसहित नगरप्रहरी लिएर थापाथलीको सुकुम्बासी बस्ती उठाउन पुगे।

महानगरले वैकल्पिक व्यवस्थापनबिना उठ्ीबास लगाउन खोजेको भन्दै स्थानीयले प्रतिकार गरेपछि थापाथली दिनभर तनावग्रस्त बन्यो। स्थानीय ढुंगामुढा प्रहार गरे। हातहतियारसहित प्रतिकारमा उत्रिए स्थानीय। महानगर प्रहरी प्रमुखसहित १८ जना ढुंगा प्रहारबाट घाइते पनि भए।

वैकल्पिक व्यवस्थापनबिनै सुकुम्बासी बस्ती उठाउन खोजेको भन्दै बालेनको उक्त कदमको चौतर्फी आलोचना पनि भयो।

दिनभरको तनावपछि साँझ बालेन बालुवाटार पुगेर निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर सुकुम्बासी बस्ती हटाउन आग्रह गरे। सहयोग गर्ने प्रतिवद्धता जनाए। तर वचन दिए पनि देउवा सरकारले सुकुम्बासी बस्ती हटाउन उनलाई सहयोग भने गरेन।

प्रतिपक्षी दल नेकपा एमाले पनि महानगरको साथमा उभिएन। एमाले अध्यक्ष केपी शर्मा ओलीले महानगरको एक्सनविरुद्ध 'सुकुम्बासी गरिब भए भनेर गोद्ने/ठोक्ने ठीक होइन' भन्ने अभिव्यक्ति दिएपछि बालेनले जवाफ फर्काए, 'सकेको सहयोग गर्नुहोला। तर कसैका विरुद्ध कसैलाई प्रयोग गर्ने कुचेष्टा नगर्नुहोला।

जस्तो तनाव र प्रतिरोध भए पनि सुकुम्बासी बस्ती हटाइ छाड्ने योजना महानगरले बनायो। थापाथलीमा तीन दिनपछि पुनः बस्ती उठाउन जाने योजना बनाएको महानगरले योजनावद्ध रूपमा नदीकिनारका अनधिकृत संरचना हटाइछाड्ने रणनीतिमा महानगर लाग्यो।

बालेन नेपाल प्रहरी, सशस्त्र प्रहरी र प्रहरी अनुसन्धान विभागमा पुगेर सहयोगका लागि अपिल गरे।

मंसिर १६ गते राष्ट्रिय भूमि आयोगले तत्काल भूमिहीन सकुम्बासीलाई नहटाउन सूचना जारी गऱ्यो। तर महानगरले आफ्नो अधिकार क्षेत्रभित्र पर्नेभन्दै दौडधूप जारी राख्यो।

पुस १३ गते थापाथलिस्थित बागमती नदी किनारमा अनधिकृतरूपमा निर्माण भएका संरचना हटाउन सुरक्षाकर्मी उपलब्ध गराउन माग गर्दै तत्कालीन गृहमन्त्री रवि लामिछानेलाई बालेनले पत्र लेखे।

'बागमती किनारामा अव्यवस्थित तथा अनधिकृत रुपमार हेको संरचना हटाइ सो क्षेत्रको संरक्षण एंव सौन्दर्यीकरण गर्ने काय तत्काल अघि बढाउन सफल हुनसकेको अवस्था छैन। थापाथलीको संरचना हटाई सौन्दर्यीकरणको कार्य तत्काल शुरु गर्ने कार्यक्रम रहेकाले आवश्यक सहयोग एंव समन्वयका लागि अनुरोध छ,' पत्रमा लेखिएको थियो।

तर रविले सुकुम्बासी बस्ती हटाउन महानगरलाई तत्कालकै अवस्थामा सहयोग गर्न नसकिने जवाफ दियो। महानगरले हालकै अवस्थामा सहयोग नगर्ने भन्दै कानुन बमोजिमको प्रक्रिया पूरा गरी, सरोकारवाला सबै पक्षसँग आवश्यक छलफल तथा समन्वय गरी पर्याप्त पूर्वतयारीसहित महानगरले काम अघि बढाए मात्रै सहयोग गर्न सक्ने जवाफ गृहले दिएको थियो।

माघ १६ गते बालेन संघको सहयोग चाहियो भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न बालुवाटार पुगे। अव्यवस्थित सुकुम्बासी बस्ती हटाउन सहयोग गर्न उनले अपिल गरे।

प्रधानमन्त्रीलाई भेटेर मेयर बालेन्द्रले भने- सुकुम्बासी बस्ती हटाउन सहयोग गर्नुपऱ्यो

प्रधानमन्त्रीलाई भेटेर मेयर बालेन्द्रले भने- सुकुम्बासी बस्ती हटाउन सहयोग गर्नुपऱ्यो

तर प्रधानमन्त्री प्रचण्डले सरोकारवाला पक्षसँग छलफल गरेर सम्बन्धित नियकासँग पनि जानकारी लिने जवाफ दिए।

यसरी केन्द्रबाट निरन्तर असहयोग र दीर्घकालीन व्यवस्थापनको सुझावको बाबजुद महानगर भने बागमती किनारका सुकुम्बस्ती हटाइ छाड्ने अडानबाट पछि हटेन। चैत ११ गते महानगरले पुनः सुकुम्बासी बस्ती हटाउन सूचना जारी गऱ्यो। सात दिनभित्र नदीकिनारका बस्ती हटाउन अन्यथा हटाउन लागेको खर्च पनि उनीहरूबाटै असुल्ने चेतावनी महानगरले दिएको थियो। उक्त सार्वजनिक सूचनाविरुद्ध उच्च अदालत पाटनमा रिट परेपछि न्यायाधीश धीरबहादुर चन्दको इजलासले उक्त सूचना कार्यान्वयन नगर्न चैत ११ गते अन्तरिम आदेश पनि दिएको थियो। अदालतले चैत २६ गते छलफलका लागि दुवै पक्षलाई बोलाएको छ।

तर अदालतको आदेशविपरीत शुक्रबार महानगर डोजर लिएर गैरिगाउँ क्षेत्रको बागमती किनारमा रहेका सुकुम्बासी बस्ती हटाउन पुग्यो।

महानगरले सुरक्षाको माग गर्दै उक्त जानकारी गृह मन्त्रालयलाई पनि गराएको थियो।

नगर प्रहरीसहित बालेन सुकुम्बासी बस्तीमा पुगेपछि त्यहाँ बसेका स्थानीयले अवरोध गरे। सशस्त्र प्रहरी र नेपाल प्रहरी पनि त्यहाँ पुगेको थियो।

बाक्लो सङ्ख्यामा पुगेका सुरक्षाकर्मीलाई सुकुम्बासी बस्ती छिर्ने बाटोमा नै अवरोध, नाराबाजी र बाटोमा टायर बालेर महानगरविरुद्ध विरोध प्रदर्शन भएको थियो।

विरोध हुँदाहुँदै मेयर बालेनले बस्ती हटाउन सहयोग गर्न भन्दै प्रहरीलाई आग्रह गरे। तर प्रहरी बस्ती हटाउन प्रहरी मुभ नै नभएको महानगर स्रोतले जनाएको छ।

'स्थानीयले दुई सय पेट्रोल बम तयार गरेका थिए, बस्ती हटाउन सहयोग नगरे, सुकुम्बासी बस्तीभित्र २ सय पेट्रोल बम स्थानीय बनाएका छन्, त्यो निकालिदिन आग्रह महानगरले गरेको थियो, तर सहयोग भएन,' महानगरले स्रोतले भन्यो।

लामो समयदेखि मेयर बालेनले केन्द्र सरकारसँग सहयोग मागिरहेका थिए। 'पछिल्लो समय हालै मात्रै प्रधानमन्त्री कार्यालयमा पुगेर उहाँले प्रधानमन्त्रीज्यूसँग सहयोगको आग्रह गर्नुभएको थियो,' स्रोतले भन्यो, 'सहयोग गर्ने आश्वासन पनि प्राप्त भयो, तर सधैँ केन्द्रबाट असहयोग मात्रै भइरह्यो।' त्यसैको प्रतिकारस्वरुप अब महानगरले पनि केन्द्र सरकारलाई सहयोग नगर्ने नीति लिएको उनले बताए।

'सधैँ केन्द्र सरकारले मात्रै स्थानीयलाई सहयोग गर्नुपर्ने भन्ने हुँदैन। केन्द्र सरकारलाई सफल बनाउन स्थानीय सरकारको पनि उत्तिकै सहयोग चाहिन्छ। केन्द्रबाट सहयोग नै नभएपछि स्थानीयले पनि केन्द्रलाई सहयोग नगर्नेगरी तत्काल सिंहदरबारभित्रको फोहोर नउठाउने तयारी गरेको छ,' स्रोतले भन्यो।

बालेनको उक्त आक्रोशपूर्ण स्टाटसपछाडि महानगरले गर्न खोजेका काममा केन्द्रबाट भइरहेका असहयोग नै मुख्य कारण भएको पनि उनले बताए।

## सडक मिचेर बनाइएका प्रहरी बिट हटाउन निर्देशन

काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहले सडक मिचेर बनाइएका प्रहरी बिट हटाउन निर्देशन दिनुभएको छ ।

कानुन कार्यान्वयन गर्ने प्रहरीले नै बाटो मिचेर संरचना बनाउनु गलत भएको बताउँदै उहाँले ती संरचना आफैँ हटाउन निर्देशन दिनुभएको हो ।

उहाँका अनुसार हटाउन निर्देशन दिएका प्रहरी बिटमा बालुवाटारस्थित प्रधानमन्त्री निवास अगाडि, सामाखुसी, जडीबुटी चोक, सिनामङ्गल चोक, चुच्चेपाटी चोक, ढल्को, ताम्सीपाखा, रुद्रमतीमार्ग मैतीदेवी, असन चोक, न्यूरोड पिपलबोट, चिकमङ्गलम, धोबीचौर, देउराली क्लब, रातो पुल, बौद्ध, ताहचल, पेप्सीकोला, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अगाडि र माछापोखरीका प्रहरी बिट रहेका छन् ।

दूतावासलगायत विदेशी नियोगका सम्बन्धमा पनि सम्बन्धित मन्त्रालयलाई काम अगाडि बढाइदिन पत्राचार गरिएको उहाँले जानकारी दिनुभयो । महानगर प्रमुख साहले कानुन सर्वसाधारण नागरिकका लागि र अरुका लागि अलग्गै हुन्न भन्ने स्थापित गर्न सबै तयार हुन अपिलसमेत गर्नुभएको छ ।रासस

## मेयर बालेन्द्रको अर्को आक्रोश- सरकारको कुनै इज्जत गर्दिनँ

काठमाडौं महानगरपालिकाका प्रमुख (मेयर) बालेन्द्र शाह (बालेन) ले नेताहरूपछि वर्तमान सरकारप्रति आक्रोश पोखेका छन्।

फेसबुकमा 'आजबाट सिंहदरबारको फोहोर उठ्दैन। साँच्चिकै देश सफा गर्नुपरे, त्यहाँका नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्ने हुन्छ' लेखेको एक घण्टापछि मेयर शाहले प्रचण्ड नेतृत्वको सरकारलाई आफूले इज्जत नगर्ने स्टाटस लेखेका हुन्।

उनले वर्तमान सरकार भारत र चीनले बनाएको आरोप पनि लगाएका छन्।

'इन्डिया र चाइनाले बनाको सरकारको कुनै इज्जत गर्दिनँ म', उनले आक्रोश पोख्दै प्रश्न गरेका छन्, 'नेपाल स्वाधीन कहिले हुने? आफ्नो अस्तित्व कहिले बनाउने? लाज लाग्दैन?'

## बालेनविरुद्ध एमाले महासचिव पोखरेल- समाजलाई अराजकतातिर लाने नियोजित प्रयास

नेकपा एमालेका महासचिव शंकर पोखरेलले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहका अभिव्यक्तिविरुद्ध आक्रोश पोखेका छन्।

मेयर बालेनका अभिव्यक्तिले नेपाली समाजलाई अराजकतातिर लाने नियोजित प्रयासको संकेत गरेको दाबी महासचिव पोखरेलले गरेका छन्।

आज बिहान मेयर शाहले सामाजिक सञ्जालमार्फत सिंहदरबारको फोहोर नउठाउने र नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्ने बताएका थिए।

यसकारण बालेनले भने- देश सफा गर्न नेताहरूलाई सिसडोलमा डम्प गर्नुपर्छ

मेयर बालेन्द्रको अर्को आक्रोश- सरकारको कुनै इज्जत गर्दिनँ

यसप्रति आपत्ति जनाउँदै एमाले महासचिव पोखरेलले जिम्मेवार बन्न मेयर शाहलाई आग्रह गरेका हुन्।

'मेयर बालेनको अभिव्यक्तिले नेपाली समाजलाई चरम अराजकतातिर लैजाने नियोजित प्रयास भइरहेको संकेत गर्दछ', एमाले महासचिव पोखरेलले ट्विटरमा लेखेका छन्, 'जिम्मेवारीमा बसेपछि जिम्मेवार र जवाफदेही बन्नै पर्दछ।' *नेपाल खबरबाट*


सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**भूमिगत जलश्रोत सिंचाई आयोजना, जलेश्वर, महोत्तरी**



बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

**औरही गाउँपालिका कार्यालय**
धनुषा

# हरिहरपुर–महेन्द्रनगर कालोपत्रे सडक निर्माणको काम सुरु



**खबर दर्पण समाचारदाता**

**चैत २५ गते, ढल्केबर**

धनुषाको मिथिला नगरपालिका वडा नं. ३ स्थित हरिहरपुर हुँदै क्षीरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगर जोडिने मार्गमा कालोपत्रे सडकको निर्माण कार्य सुरु भएको छ।

उक्त सडक खण्डको पहिलो चरणको काम शुक्रबारबाट सुरु भएको हो।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेश सरकारका पूर्व वनमन्त्री सत्रुधन महतो, प्रदेश सांसद शेषनारायण यादव र मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले संयुक्तरुपमा शिलान्यास गरेपछि कालोपत्रे सडक निर्माणको काम सुरु भएको हो।

सहमहान्त्री यादव र नगरप्रमुख महतोको पहलमा संघीय सरकारले हरिहरपुर-महेन्द्रनगर सडक कालोपत्रे गर्न बजेट विनियोजन गरेको बताइएको छ।

पहिलो चरणमा ९७ लाख रुपियाँको लागतमा ७ मिटर चौडार र ४४५ मिटर लम्बाईमा कालोपत्रे सडक निर्माण हुने नगर प्रमुख महतोले जानकारी दिए। उनले आउँदो आर्थिक वर्षमा थप बजेट विनियोजका लागि पहल गरिने बताउँदै नगरपालिकाको सीमासम्म कालोपत्रे सडक निर्माण गर्ने बताए।

उक्त सडक निर्माणको ठेक्का आकृति निर्माण कम्पनीले पाएको छ। जेष्ठ १५ गतेसम्म सडक निर्माणको कार्य सम्पन्न हुने निर्माण कम्पनीले जनाएको छ।

# नागरिकता विधेयकलाई कानुनको रुप लिइसकेको घोषणा गर्न तमलोपा अध्यक्षको माग




**खबर दर्पण समाचारदाता**

**चैत २५ गते, जनकपुर**

तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले नागरिकता विधेयक २०७९ लाई कानुनको रुप लिइसकेको घोषणा गर्न माग गरेका छन्। शनिबार जनकपुर धाममा पत्रकार सम्मेलनको आयोजना गरी उनले यस्तो माग गरेका हुन्।

सार्वभौम जनताको प्रतिनिधि संघीय संसदबाट विधायनसम्बन्धी सबै संवैधानिक प्रक्रिया पुरा गरिसकेको र दोस्रोपटक पारित भएको १५ दिनभित्र प्रमाणीकरण हुनुपर्ने सो विधेयकलाई प्रमाणीकरण नगरी तत्कालीन राष्ट्रपतिले संविधानको खुला उल्लंघन गरेको उनको जिकिर छ।

यसलाई अझै रोकेर राख्नु भनेको संविधानको घोर उल्लंघन, लोकतन्त्रविरुद्ध खुला प्रहार र राज्यको मूल कानुनप्रति अवज्ञा रहेको अध्यक्ष लालको ठहर छ।

उनले भने, 'वर्तमान १० दलीय सरकारले आफ्नो प्राथमिकता र साझा न्यूनतम कार्यक्रममा ६ महिनाभित्र नयाँ विधेयक पारित गर्ने भनेर यस्तो अपराधलाई सदर गर्ने प्रयास मात्र गरिरहेको छैन, लोकतन्त्र र संविधानमाथि अर्को प्रहार गर्न खोजिरहेको छ।'

लालले सो विधेयक अहिले पनि राष्ट्रपति कार्यालयमा रहेको र त्यसलाई प्रमाणिकरण गर्न कुनै कानुनी अवरोध नरहेको भन्दै राष्ट्रपतिलाई शीघ्रातिशीघ्र सो विधेयक प्रमाणीकरण गरी लोकतन्त्रको रक्षा गर्न माग गरे।

पत्रकार सम्मेलनमा तराई-मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा. विजयकुमार सिंहले सार्वभौम जनताको प्रतिनिधि संघीय संसद सर्वोच्च निकाय रहेको दाबी गरे।

उनले कुनै कानुनमा चित्त नबुझे प्रक्रिया अवलम्बन गरेर संशोधन हुन सक्ने भए पनि संवैधानिक प्रक्रिया पूरा गरेर पारित भइसकेको विधेयकलाई कानुन बन्नबाट कसैसँग रोक्ने अधिकार नरहेको बताए। उनले यो अत्यन्त गम्भीर विषय रहेकाले सबै लोकतन्त्रवादी, कानुनविद्, सञ्चार र बुद्धजीवीलाई विधिको पालनाको पक्षमा अगाडि आउन जरुरी रहेको बताए।

# जनकपुरधाममा जारी मेयर कप टी–२० क्रिकेट : धनुषा क्रिकेट टिम सेमिफाइनलमा




**खबर दर्पण समाचारदाता**

**चैत २५ गते, जनकपुर**

धनुषा क्रिकेट टिम जनकपुरधाममा जारी मेयर कप टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार सिरहा क्रिकेट टिमलाई १० विकेटले हराउँदै धनुषा सेमिफाइनलमा पुगेको हो।

८५ रनको लक्ष्य धनुषाले १० ओभर दुई बलमा बिनाकुनै विकेटको क्षतिमा पूरा गऱ्यो।

धनुषाका हरिशंकर साहले सर्वाधिक ३६ र म्यान यादवले ३० रनको योगदान गरे।

त्यसअघि, टस जितेर ब्याटिङ रोजेको सिरहाले १८ ओभरमा सबै विकेट गुमाएर ८४ रन बनाएको थियो। सिरहाका लागि ओपनर राकेश कामतीले सर्वाधिक १७, शैलेन्द्र साहले १६ रन बनाए।

धनुषाका लागि कृष्णा कार्की र विशाल सुशलिङले समान चार विकेट लिए। आकाश रायले दुई विकेट लिए।

धनुषाका विशाल 'म्यान अफ दी म्याच' घोषित भए।

यस अघि शनिबारको पहिलो खेलमा हेटौंडाले रौतहटलाई ५ विकेटले पराजित गर्दा दोस्रो खेलमा सिरहालाई १० विकेटले पराजित गर्दै जनकपुरधाम विजयी भएको हो।

बिहान भएको पहिलो खेलमा हेटौंडाले रौतहटलाई ५ विकेटले पराजित गरेको छ।

रौतहटले दिएको १०९ रनको लक्ष्य हेटौंडाले १६ ओभर १ बलमा ५ विकेट गुमाउँदै पूरा गरेको थियो। हेटौंडालाई सहज जित दिलाउन गौरव खडकाले अविजित ५१ रनको अर्धशतकिय पारी खेले।

हेटौंडाका लागि सुमन सुनारले १३ र रामनरेश गिरीले १० रनको योगदान गरे।

रौतहटको बलिङमा आशिक साह र संजय साहले २/२ तथा धर्मेन्द्र साहले १ विकेट लिए।

यसअघि पहिले ब्याटिङ गरेको रौतहट अरविन्द चौधरीको ३६ र धर्मेन्द्र साहको २७ रनको योगदानले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १०८ रनको स्कोर खडा गरेको थियो। रौतहटलाई सस्तैमा समेट्न शुभ कंशकार र रामनरेश गिरीले ३/३ विकेट लिए। त्यस्तै अशिम श्रेष्ठ र विशाल फुयालले १/१ विकेट लिएका थिए।


जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं।

**सबैला नगरपालिका,**

**सबैला, धनुषा**

# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा बिरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं।

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दुर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- बिरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा